# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१) काठमाडौं, फागुन २६ गते २०४८ साल (संख्या ४७


## भाग ३

### श्री ५ को सरकार

### भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले संखुवासभा, सोलुखुम्बु, दोलखा, रूकुम, रोल्पा, दैलेख, अछाम, बझाङ्ग, बाजुरा, बैतडी र कालीकोट जिल्लाहरूमा जग्गा नाप जाँच गर्दा जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा ११ ख. मा उल्लेख भएका अवस्थाहरू पर्न गै समस्या उठ्न गएको वा उठेमा सो समस्याहरू सुल्झाउने काममा आवश्यक निर्णय गर्न जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा ११ ख. बमोजिम उपरोक्त जिल्लाहरूका लागि निम्न पदाधिकारीहरू भएको एक-एक वटा छुट्टा छुट्टै समिति गठन गरी सो समितिको काम, कर्तव्य र अधिकार तथा कार्य अवधि निम्नबमोजिम तोकेको छ ।

१. समिति

(१) सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी — अध्यक्ष

(२) सम्बन्धित जिल्लाका जिल्ला वन नियन्त्रक — सदस्य

(३) सम्बन्धित जिल्लाका माल वा मालपोत अधिकृत — सदस्य

(४) सम्बन्धित जिल्लाका समस्या एवं सरोकार परेका गा.वि.स.का सचिव — सदस्य

(५) अध्यक्षले तोकेका कुनै २ (दुई) जना — सदस्य

(६) सम्बन्धित नापी गोश्वाराका प्रमुख नापी अधिकृत वा नापी कार्यालयका नापी अधिकृत — सदस्य-सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. समितिको काम, कर्तव्य र अधिकारहरू

(१) नाप जाँच भएका सम्बन्धित जिल्लाहरूमा सार्वजनिक जग्गा, सरकारी जग्गा वा वन सिमानाभित्रको जग्गा मिची नाप नक्सा गराइ दर्ता गरे गराएको भन्ने सम्बन्धमा जग्गा (नाप जाँच) ऐन, २०१९ तथा जग्गा (नाप जाँच) नियमावली, २०३२ अनुसार आवश्यक छानविन एवं जाँच बुझ गर्ने र आवश्यक निर्णय गरी सो सुधार गर्ने ।

(२) सरकारी वन जङ्गल तथा व्यक्ति विशेषको हक भोगको जग्गाको साँध सिमाना एकिन गरी दर्ता गर्ने समस्या परेमा सो सम्बन्धमा छानविन एवं जाँच बुझ गरी आवश्यक निर्णय गर्ने ।

(३) नापीका समयमा वन जङ्गल देखिएको तर व्यक्ति विशेषले तिरो तिरान गरी भोग चलन गरी आफ्नो हक प्रमाणको निजी जग्गा भनी दावी गरेमा वन क्षेत्रको जग्गा हो वा व्यक्तिगत निजी जग्गा हो भन्ने सम्बन्धमा छानविन गरी निर्णय गर्ने र निजी जग्गा ठहरिएमा निजी वन जङ्गल राष्ट्रियकरण ऐन, २०१३ को दफा २ (ख)मा उल्लेख भए अनुसार पहाडमा २५ रोपनीसम्म वन जङ्गल निजी वनको रूपमा दर्ता गर्ने निर्णय गर्ने ।

(४) कुनै क्षेत्रमा सामुदायिक वन राख्न चाहेमा सामुदायिक वन उल्लेख गरी नाप जाँच गराउन आवश्यक निर्णय गर्ने ।

(५) जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा ११ ख. मा उल्लेख भए अनुसारका कुराहरूमा सुधार गर्ने वा समस्या सुल्झाउने सम्बन्धमा स्थानीय प्रशासन ऐन, २०२८ मालपोत ऐन, २०३४ तथा मालपोत नियमावली, २०३६ र वन ऐन, २०१८ मा उल्लेखित सम्बन्धित अधिकारहरू समेत प्रयोग गरी आवश्यक निर्णय गर्ने ।

(६) जग्गा (नाप जाँच) ऐन, २०१९ तथा जग्गा (नाप जाँच) नियमावली, २०३२ बमोजिम निर्णय गर्दा सो मा उल्लेखित विषयमा सोही बमोजिम र सो मा उल्लेख नभएका तर यस समितिलाई निर्णयको लागी आवश्यक पर्ने अन्य प्रचलित कानूनमा उल्लेख भएका सम्बन्धित सबै अधिकारहरू प्रयोग गर्ने ।

(७) यसरी जाँच बुझ एवं छानविन गर्दा प्रचलित ऐन नियम विपरीत अनियमित काम कारवाही भए गरेको देखिएमा सो अनियमित कुराहरू सुधार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्ने वा समस्या सुल्झाउन आवश्यक परे दर्ता बदर गर्ने समेत निर्णय गर्ने र यसरी छानविन गर्दा कुनै कर्मचारीले जाना जानी प्रचलित ऐन, नियमको बर्खिलाप काम कारवाही गरेको देखिन आएमा त्यस्ता कर्मचारीलाई आवश्यक विभागीय कारवाही गर्न आफ्नो राय ठहर साथ सम्बन्धित विभागमा पठाउने ।

(८) यस समितिको कार्य अवधी नापी गोश्वारा वा नापी कार्यालय सो जिल्लामा कार्यरत रहेसम्म हुनेछ ।

(९) यस समितिलाई भएका अधिकारहरू समितिका अन्य कुनै पदाधिकारीलाई मात्र सुम्पन सकिने छैन ।

आज्ञाले,
आत्माराम पौडेल
श्री ५ को सरकारको निमित्त सचिव

श्री ५ को सरकार

## पर्यटन मन्त्रालयको सूचना

श्री ५ को सरकारले पदयात्रा तथा जलयात्रा नियमावली, २०४१ को नियम ४ ले दिएको अधिकार प्रयोग गरी २०४८ फागुन १६ गतेदेखि लागू हुने गरी विदेशीहरूले भिसा अवधिभित्र गर्ने पदयात्राको अनुमति दस्तुर देहायबमोजिम तोकेको छ ।

१. मुस्ताङ क्षेत्रको लोमुथान्कासम्मको पदयात्रा अनुमति दस्तुर प्रति व्यक्ति प्रति हप्ता अमेरिकी डलर ५०० लाग्ने छ ।

२. मनासलु क्षेत्रको पदयात्रा अनुमति दस्तुर प्रति व्यक्ति प्रति हप्ता अमेरिकी डलर ७५ लाग्ने छ ।

आज्ञाले,
मोहनराज शर्मा
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ४६२

# भाग ४

## श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०४८।११।१२ को निर्णयानुसार जलस्रोत मन्त्रालयका अतिरिक्त सचिव श्री विष्णुगोपाल रिसाललाई नेपाल प्रशासन सेवाको विशिष्ट श्रेणीमा बढुवा गरी लोक सेवा आयोगको सचिव पदमा पदस्थापन गरेको छ ।

### सूचना २

श्री ५ को सरकारले मिति २०४८।११।१२ को निर्णयानुसार मन्त्रिपरिषद् सचिवालय (प्रधानमन्त्रीको कार्यालय) का सचिव श्री सूर्यनाथ सुवेदीलाई गुठी संस्थानको अध्यक्षको कार्य समेत गर्ने गरी भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सचिव पदमा सरुवा गरेको छ ।

आज्ञाले,
दामोदरप्रसाद गौतम
श्री ५ को सरकारको मुख्य सचिव

### सूचना ३

श्री ५ को सरकारले मिति २०४८।१०।२७ को निर्णयानुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयका सचिव श्री विश्वमान श्रेष्ठलाई सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहमा प्रशासन सेवा विशिष्ट श्रेणीको पदमा सरुवा गरेको छ ।

### सूचना ४

श्री शिक्षा तथा संस्कृति मन्त्रालयका सचिव श्री ईश्वरप्रसाद उपाध्याय सरकारी कामको सिलसिलामा संयुक्तराज्य अमेरिकातर्फ जानु भएकोले उहाँ फर्की हाजीर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री केदारनाथ श्रेष्ठलाई मिति २०४८।११।११ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
रजनीनाथ प्याकुर्‍याल
श्री ५ को सरकारको अतिरिक्त सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६८०